# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. वैठक संख्या:- १६

मितिः- २०८१।१२।१९ गते मंगलबार

बैठक प्रारम्भ:- बिहान ७:३० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १६ औं वैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा वसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री वुद्धिमान लिम्वु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुर्दीवा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री वल वहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली वहादुर लिम्वु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीवहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ वहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्वु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. वैठक संख्या:- १६

मिति:- २०८१।१२।१९ गते मंगलबार

बैठक प्रारम्भ:- बिहान ७:३० बजे

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्वन्धमा।

२. सार्वजनिक सुनुवाई सम्वन्धी कार्यविधि,२०८१ सम्वन्धमा ।

३. नगर प्रहरी सम्वन्धमा ।

४. विविध

क. चैनपुर नगर अस्पतालको राजश्व संकलन सम्वन्धमा ।

ख. भ्रमण स्वीकृती सम्वन्धमा ।

ग. योजनाको शीर्षक परिवर्तन सम्वन्धमा ।

घ. अतिख्यारको उजुरी सम्वन्धमा ।

ङ. योजना संझौता सम्वन्धमा ।

च. लिलाम विक्री सम्वन्धमा ।

छ. आर्थिक सहायता सम्वन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १६

मितिः- २०८१।१२।१९ गते मंगलबार

बैठक प्रारम्भः- विहान ७:३० बजे

निर्णयहरु

निर्णय नं. १. प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८१ चैत्र ५ गते बसेको १५ औं कार्यपालिका बैठकको समिक्षा गर्दा सबै प्रस्तावहरु कार्यान्वयनमा गएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गर्ने निर्णय गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिकामा सुशासन तथा पारदर्शिता कायम सेवा प्रवाहमा थप सुधार गर्ने उद्देश्यका साथ तयार भएको सार्वजनिक सुनुवाई सम्वन्धी कार्यविधि,२०८१ दफावार छलफल गरि यस कार्यपालिका बैठकवाट स्वीकृत गर्ने निर्णय गरियो ।साथै सार्वजनिक सुनुवाई मिति २०८२ वैशाख १३ गते दिल कुमारी स्मृति सभा भवनमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा चैनपुर नगरपालिकामा निर्माण भएको चैनपुर नगरपालिका नगर प्रहरी संचालन तथा व्यवस्थापन ऐन,२०८१ हाल सम्म राजपत्रमा प्रकाशन नभएकोले अविलम्व राजपत्रमा प्रकाशन गर्ने र सो ऐन बमोजिम २ पुरुषा र १ महिला गरि जम्मा ३ जना नगर प्रहरी राख्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४ विविध

क. चैनपुर नगर अस्पतालमा उठेको राजश्व रकम चैनपुर नगरपालिकाको राजश्व खातामा सकलन गर्ने निर्णय गरियो ।

ख. चैनपुर नगरपालिका प्रमुख श्री कृष्ण कुमार तामाङज्यू चैनपुर नगरपालिकाको विभिन्न योजनाहरु पेश गर्न शहरी विकास मन्त्रालय जाने हुँदा मिति २०८१ चैत्र २० देखि २५ गते सम्म भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

ग. चैनपुर नगरपालिका १६ औं नगर सभाबाट प्रत्यायोजित अधिकार अनुसार चैनपुर नगरपालिका २ को देहायका योजनाहरुको नाम संशोधन गर्ने निर्णय गरियो ।साथै अनुमोदनका लागि आगामी सभामा पेश गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | रकम | क स | संशोधित योजनाको नाम | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | भित्रे खेल मैदान निर्माण चैनपुर ९ | १००००० | १ | भित्रे खेल मैदान जाने सडक निर्माण चैनपुर ९ | १००००० | |
| २ | भगवती माध्यमिक विद्यालय चित्लाङ पाइप खरिद र भित्तेलेखन चैनपुर २ | १००००० | २ | भगवती माध्यमिक विद्यालय चित्लाङ भित्तेलेखन चैनपुर २ | १०००००। | |
| ३ | रिङयोलिङ गुम्वा व्यवस्थापन चैनपुर ४ | २ लाख | ३ | लामा घेदुङ स्वयम्भु गुम्वा व्यवस्थापन | २ लाख | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | चैनपुर ४ | | |

घ. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयको च नं. ITH-८१८२-४१३०३ को प्राप्त पत्र अनुसार यस चैनपुर नगरपालिकामा १ नं. वडा कार्यालयमा नियुक्ति गरिएको कार्यालय सहयोगी उपर परेको उजुरीमा प्रचलित कानून बमोजिम कारवाहीका लागि चैनपुर नगरपालिका लेखी पठाएकोले उक्त कार्यालय सहयोगी आवश्यक रहेको र प्रक्रियागत ढंगले नै पुर्ति गरिएको हुनाले सो व्यहोरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।

ङ. चैनपुर नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा संचालन गर्ने शसर्त वाहेकका योजनाहरु तथा कार्यक्रमहरुको संझौता मिति २०८१ चैत्र मसान्त सम्म मात्र गर्ने निर्णय गरियो

च. प्रस्तुत सम्वन्धमा चैनपुर नगरपालिका २ मा वडा कार्यालय निर्माणको क्रममा उक्त क्षेत्रमा निस्किएको ढुङ्गा विक्रीका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

छ. चैनपुर नगरपालिकाको विभिन्न वडाहरुवाट आर्थिक सहायताको लागि माग भई आएकोले तपसिल अनुसारका व्यक्तिहरुलाई निम्नअनुसारको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो

तपसिल

१.श्री लोकबहादुर लिम्वु चैनपुर ४ घरको छाना लगाउने रु.२५०००। आर्थिक सहायता

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक १०:१२ बजे यही अन्त्य गरियो।



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयवाट समेत प्राप्त गर्न सकिनेछ ।